कृषि तथा वन विज्ञान विश्वविद्यालय

# कृषि संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University

# Faculty of Agriculture

## Office of the Dean

Rampur, Chitwan, Nepal

प.सं./Ref. No.

च.नं. ३६५/२०७४/०७५

मिति/Date: २०७५।०३।२२

श्री हिमछाँया कलेज प्रा.लि.
गैंडाकोट, नवलपरासी ।

विषयः सम्बन्धन प्रदान गरीएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस कृषि तथा वन विज्ञान विश्वविद्यालयबाट सम्बन्धन प्रदान गर्ने सम्बन्धमा मिति २०७२।२।२६ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार सम्बन्धनका लागि प्राप्त हुन आएका निवेदनहरु उपर कार्यवाही हुँदा यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको ऐन, नियम र सम्बन्धन प्रदान गर्ने निर्देशिका (नीति)२०७१ बमोजिमका मापदण्ड त्यस कलेजले पुरा गरेको देखिएकोले त्यस कलेजलाई सम्बन्धन दिन उपयुक्त देखिएकोले हुँदा विश्वविद्यालयको प्राज्ञिक परिषद्को मिति २०७४।४।१६ को निर्णयानुसार सिफारिस भै आए बमोजिम सम्बन्धन प्रदान गर्न उपयुक्त देखिएको त्यस कलेजलाई मिति २०७५।३।२० को कार्यकारी परिषद्को १५४ औ बैठकको निर्णयानुसार अस्थायी सम्बन्धन स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा आवश्यक कार्याथको लागी जानकारी गराईएको छ । साथै त्यस कलेजले यस कृषि तथा वन विज्ञान विश्वविद्यालयको ऐन, नियम र सम्बन्धन प्रदान गर्ने निर्देशिका (नीति)२०७१ बमोजिमका शर्त एवम् व्यवस्थाहरुको अधिनमा रही देहाएका थप शर्तहरु पालना गर्ने गरी सम्बन्धन प्रदान गरीएको व्यहोरा कार्यकारी परिषद्को निर्णयानुसार अनुरोध छ ।

**सम्बन्धन प्राप्त गर्ने त्यसले कलेजहरुले देहायका थप शर्तहरु अनिवार्य रुपले पालना गर्नु पर्नेछः**

(१) कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्बन्धन प्रदान गर्ने सम्बन्धी कार्य निर्देशिका (नीति) २०७१ ले निर्धारण गरेको मापदण्डहरु र कार्यकारी परिषद्ले उक्त, निर्देशिकाको परिच्छेद २ को २.८ नं. बमोजिम तोकिएको अन्य थप शर्तहरु समेत पालना गर्नेछौ भनी अस्थायी सम्बन्धन स्वीकृति प्राप्त गर्ने कलेजहरुले लिखित रुपमा स्वघोषणा गराई उक्त घोषणा पत्र अभिलेख गराई राख्नु पर्ने र उक्त स्वघोषणा पत्र संकायमा बुझाउनु पर्नेछ ।

(२) सम्बन्धन प्राप्त भएको मितिले १० बर्ष सम्म सम्बन्धन प्राप्त गर्ने कलेजले यस विश्वविद्यालय कार्यकारी परिषद्को स्वीकृति विना स्वामित्व परिवर्तन, विकी वितरण गर्न वा कुनै किसिमले अर्को व्यक्ति वा निकायलाई हक हस्तान्तरण गर्न पाउने छैन ।

(३) सम्बन्धन प्राप्त कलेजले नेपाल सरकार शिक्षा मन्त्रालय तथा विश्वविद्यालयको छात्रवृत्ति सम्बन्धि नीति, नियम र कानून पूर्णरुपले पालना गर्नु पर्नेछ ।

(४) यस विश्वविद्यालय केन्द्रीय कार्यालयले सम्बन्धन प्राप्त कलेजहरुको अनुगमन र निरीक्षण गर्नको लागि टोली पठाउन सक्नेछ र सो टोलीबाट अनुगमन र निरीक्षण गर्दा तोकिएको मापदण्ड र शर्तहरु पुरा गरेको नदेखिएमा त्यस्तो सम्बन्धन निलम्बन वा खारेज गर्न सकिनेछ ।

(५) सम्बन्धन प्राप्त कलेजहरुले आ-आफ्नो कार्यक्रम संचालन गर्न विश्वविद्यालयले तोकेको आवश्यक शिक्षक संख्याको कम्तीमा ५०% पूर्णकालिन शिक्षक हुनु पर्ने छ ।

(६) सम्बन्धन प्राप्त कलेजको भौतिक संरचनाहरु निमार्ण गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराइसक्नु पर्ने छ ।

(७) सम्बन्धन प्राप्त कलेजको नाममा रहेको जग्गामा १० वर्ष भित्र गुरु योजना (ड्इङ, डिजाइन) तयार गरी भवन आचार संहितामा उल्लेखित मापदण्ड अनुसारको भवनहरुको निमार्ण, ल्यावहरु र फार्महरुको विकास गरी सक्नुपर्ने छ ।

(८) सम्बन्धन प्राप्त कलेजहरुले विश्वविद्यालय ऐन, नियम, निर्देशिकामा तोकेमा शर्तहरुका अतिरित्त यस विश्वविद्यालयले समय समयमा तोकेका अन्य शर्तहरु समेत अनिवार्य रुपले पालना र पूरा गर्नु पर्नेछ ।

(९)कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ को दफा १३ को उपदफा (ज) वमोजिम सम्बन्धन प्राप्त कलेजले विद्यार्थी सँग लिन पाउने ८ सेमेष्टरको अधिकतम शुल्क रु. ६,००,०००।- (अक्षरुपी छ लाख मात्र)निर्धारण गर्ने निर्णय गरियो । उक्त शुल्क पहिलो सेमेष्टरमा ५०% भन्दा बढी लिन पाउने छैन् । उक्त शुल्क कार्यकारी परिषद्ले समय सापक्षरुपमा परिमार्जन गर्न सक्ने छ ।

(१०) कृषि तथा वन विज्ञान विश्वविद्यालय सम्बन्धन प्रदान गर्ने सम्बन्धि कार्य निर्देशिका (नीति) २०७१ मा उल्लेखित अतिरिक्त शुल्कहरु समय सापेक्ष रुपमा वृद्धि गर्न सकिनेछ ।

..........................
प्रा. जय प्रकाश दत्त
डीन
डीन

बोधार्थ:
श्री आर्थिक प्रशासन शाखा
कृषि संकाय
कृ.व.वि.वि, रामपुर चितवन ।
अवगतार्थ:
श्रीमान् उपकुलपति ज्यू,
कृ.व.वि.वि, रामपुर चितवन ।
श्रीमान् रजिष्ट्रार ज्यू,
कृ.व.वि.वि, रामपुर चितवन ।

८

कृषि तथा वन विज्ञान विश्वविद्यालय
# कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं
च.नं. ०६-०६४/०६८

मिति/Date: २०७५/०४/०९

श्री हिमछायाँ कलेज प्रा.लि.,
गैंडाकोट नगरपालिका -९, नवलपरासी।
करपोरेट कार्यालय भ.न.पा.-१०, चितवन।

विषय: **जानकारी गराइएको बारे।**

उपरोक्त सम्बन्धमा यस संकायको चं नं. ३६५-०७४/०७५ मिति २०७५/०३/२२ को पत्र अनुसार त्यस कलेजबाट स्वयं घोषणा (प्रतिबद्धता) सहित कलेज संचालनार्थ आवश्यक कागजपत्रका साथ मिति २०७५/०४/०६ गते धरौटी स्वरुप नगद रु. ३०,००,०००।- (अक्षरुपी तीस लाख रुपैया मात्र) जम्मा गरेको सक्कल बैंक भौचर सहित त्यस कलेजको मिति २०७५/०४/०८ को पत्र प्राप्त हुन आएको व्यहोरा जानकारी गराइन्छ।

.........................................
प्रा. जय प्रकाश दत्त
डीन

**अवगतार्थ:**
श्रीमान् उपकुलपतिज्यू, कृ.व.वि.वि.रामपुर, चितवन।
श्रीमान् रजिष्ट्रारज्यू, कृ.व.वि.वि.रामपुर, चितवन।

OLC

**बोधार्थ एवं कार्यार्थ:**
आर्थिक प्रशासन महाशाखा, कृ.व.वि.वि.केंद्रिय कार्यालय रामपुर, चितवन।
(च.हि. नं. ०८५००१०६४२०८३१००००००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर थान-२ यसैसाथ संलग्न छ।)